**Prithvi wangmaya Journal**
**Vol. 14, 2024**
**Nepali Department, Prithvinarayan Campus, (TU)**
**Pokhara, Nepal**

# कानुनी नेपाली भाषामा वाक्यसंरचना

**गिरबहादुर खड्का**
उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: khadkagirwan@gmail.com

Received date : 26 May 2024, Reviewed date : 12 June 2024, Accepted date : 16 July 2024

**सार**

कानुनी नेपाली भाषामा प्रयुक्त वाक्यहरूको अर्थ र संरचनागत स्थितिको विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । नेपाली भषाको प्रयोजनपरक भेदअन्तर्गतको एक भेद कानुनी नेपाली भाषा हो । यस लेखमा कानुनी नेपाली भाषामा वाक्यको अर्थ र संरचना के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई प्रमुख समस्या बनाइएको छ । मूलतः कानुनी क्षेत्रमा प्रयुक्त हुने यस्तो भाषामा प्रयुक्त पारिभाषिक शब्द एवं वाक्य विन्यासगत विशिष्टताका कारण भिन्नता पाइन्छ । बहुसत्यमा आधारित गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरी यो लेख तयार पारिएको छ । यस लेखमा मूलतः द्वितीय स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ र ती सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका हुन् । यस अध्ययनमा वाक्य संरचनालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । यसै सैद्धान्तिक मान्यताका आधारमा कानुनी नेपाली भषाका वाक्यमा शब्दको प्रयोग, अर्थगत विन्यास, व्याकरणात्मक कोटि र शैलीगत विविधताजस्ता सूचकको उपयोग गरी लेखलाई पूर्णता प्रदान गरिएको छ । पदको विचलन, लामा पदावलीको संयोजन एवं व्याकरणिक नियममा आबद्ध नभई दीर्घ आयामयुक्त वाक्यको संयोजन र विविध शैलीको प्रयोग हुने नेपाली भाषाको एक प्रयोजनपरक भेद कानुनी नेपाली भाषामा भएको देखिन्छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

**शब्दकुञ्जी :** विन्यास , विशिष्टता, पारिभाषिक, प्रयोजनपरक, विचलन

## विषय परिचय

कानुनी नेपाली भाषामा प्रयुक्त वाक्यको अर्थ र संरचनागत स्थितिका बारेमा अध्ययन गर्नतर्फ यो लेख केन्द्रित गरिएको छ । मूलतः भाषाका प्रयोजनपरक भेद अन्तर्गतको एक भेदका रूपमा कानुनी नेपाली भाषा पनि रहेको छ । कानुनका क्षेत्रमा प्रयुक्त हुने पद पदावलीले यस्तो भाषालाई अन्य भेदबाट पृथक् तुल्याएको हुन्छ । कानुनी क्षेत्रका पारिभाषिक शब्दको प्रयुक्तिका अतिरिक्त त्यसमा प्रयुक्त वाक्य एवं त्यसको प्रस्तुति ढाँचाले समेत कानुनी नेपाली भाषालाई अन्य क्षेत्रका भाषाभन्दा अलग बनाएको देखिन्छ । कानुनी नेपाली भाषाका बारेमा नेपाली भाषा साहित्यमा प्रशस्त अध्ययन भए पनि यसमा प्रयुक्त वाक्यगत अर्थ र संरचनालाई नै आधार बनाएर गहन ढङ्गले प्राज्ञिक अध्ययन भएको देखिँदैन ।

ज्ञानको यही रिक्तताको पहिचान पश्चात् कानुनी नेपाली भाषामा वाक्यको अर्थ र संरचना के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस लेखमा राखिएको छ । यस लेखमा गुणात्मक अध्ययन ढाँचाको अवलम्बन गरिएको र वाक्यसंरचनालाई सैद्धान्तिक आधार बनाइएको छ । यस अध्ययनको क्षेत्र कानुनी नेपाली भाषामा प्रयुक्त वाक्यगत अर्थ र संरचनाको अवस्थाको अध्ययन गर्नु रहेको छ भने अन्य सैद्धान्तिक मापदण्डका आधारमा कानुनी नेपाली भाषाको अध्ययन नगर्नु यस अध्ययनको सीमा रहेको छ । कानुनी नेपाली भाषामा प्रयुक्त वाक्यात्मक अर्थ र संरचनाको गहन अध्ययन गरिएको यो लेख नवीन र मौलिक हुनुका साथै ज्ञानका क्षेत्रमा उपयोगी समेत हुने भएकाले यो अध्ययन औचित्यपूर्णसमेत देखिन्छ ।

## शोधविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । बहुसत्यमा विश्वास गरिएको यस अध्ययनमा कानुनका क्षेत्रमा प्रयोग हुने भाषासँग सम्बद्ध सामग्रीहरूलाई सङ्कलन गरिएको छ । मूलतः कानुनमा प्रयुक्त भाषा नै यस अध्ययनको सामग्री र नमुनाको आकारको रूपमा रहेको छ । सम्भाव्य नमुना छनोटअन्तर्गत यादृच्छिक नमुना छनोट विधिको अवलम्बन गरी सामग्रीको सङ्कलन गरिएको छ । यस्ता सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् । यी सामग्रीहरू द्वितीय स्रोतका सामग्रीका रूपमा रहेका छन् ।

## सैद्धान्तिक आधार

नेपाली भाषाको प्रयोगको क्षेत्रका आधारमा देखा परेका विभिन्न भेदहरूमध्येको एक भेद कानुनी भेद पनि हो । नेपाली भाषाका क्षेत्रीय, सामाजिक र प्रयोजनपरक भेदका अनेक बान्कीहरू प्रयोगमा विद्यमान छन् (गिरी, २०६९, पृ. ११) । यस्तो किसिमको भेदयुक्त भाषामा मूलतः त्यहाँ पृथक हुने पारिभाषिक शब्दले विभेद देखाएको पाइन्छ । यसका अतिरिक्त त्यस भाषाको प्रयोगमा देखा परेको शैलीगत विशिष्टताले समेत कानुनी नेपाली भाषालाई अलग बनाएको हुन्छ । कानुनी नेपाली भाषाका वाक्यमा प्रयोग हुने शब्दहरू मूलतः कानुन क्षेत्रसँग सम्बद्ध रहेका हुन्छन् । अक्षरहरूको संयोजन भई खास अर्थ सम्प्रेषण गर्न सक्ने भाषिक एकाइ शब्द हो (अधिकारी, २०५७, पृ. १५) । यस्तो शब्दले प्रयोग हुने क्षेत्रका आधारमा त्यसले विशिष्टता र भिन्नता ग्रहण गरेको हुन्छ । कानुनी नेपाली भाषामा प्रयुक्त हुने पारिभाषिक पद एवं पदावलीले गर्दा नै त्यस भाषालाई पृथक् बनाएको देखिन्छ । वाक्यको सबैभन्दा सानो संरचनाका रूपमा पद रहेको हुन्छ (गौतम र चौलागाई, २०७०, पृ. २२१) । पदहरूको विशिष्ट प्रयोगबाट नै स्पष्ट र पूर्ण अर्थ सम्प्रेषण गर्ने वाक्यको संरचना तयार भएको हुन्छ ।

विचारको प्रस्तुतिका क्रममा प्रयुक्त वाक्यमा विभिन्न अर्थ अभिव्यक्त भएको पाइन्छ । एउटा पूरा कुरा बुझाउने गरी योजना भएका अनेक पदको समूहलाई वाक्य भनिन्छ (सिंजापति, २०५६, पृ. १२८) । वाक्यमा प्रयुक्त शब्दहरूको क्रमिक विन्यास भएमा त्यसलाई व्याकरणिक पदक्रमयुक्त वाक्य भनिन्छ । यसका साथै उक्त पदको क्रम भङ्ग भएमा त्यस्तो वाक्यलाई आलङ्कारिक पदक्रमयुक्त वाक्य भनिन्छ । वाक्यमा आउने पदहरूको क्रमिकता वा नियमितता नै पदक्रम हो (अधिकारी, २०६५, पृ. २१२) । यसो भए पनि हरेक वाक्यमा व्याकरणले निर्देश गरेअनुरुपको पदक्रम भेटिँदैन । जुनसुकै पदक्रमयुक्त वाक्यमा पनि अर्थगत विविधता रहेको देखिन्छ । वाक्यमा प्रयुक्त अर्थलाई दृष्टिगत गर्दा व्यङ्ग्यार्थ, अनेकार्थ, सम्भावनार्थ संन्दिग्धार्थ एवं निश्चयार्थ प्रवृत्तिका अर्थ सम्प्रेषण गरिएको पाइन्छ । यसो भए पनि कानुनी भाषाका वाक्यमा भने निश्चयार्थ प्रवत्तिको अर्थगत विन्यास उपयोगी मानिन्छ ।

कानुनी भाषामा प्रयुक्त वाक्यहरूमा व्याकरणात्मक कोटिका दृष्टिले समेत विविधता रहेको देखापर्छ । व्याकरणिक कोटिले वाक्यमा प्रस्तुत भएको लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, वाक्य, ध्रुवीयता आदिलाई बोध गराएको हुन्छ (न्यौपाने, २०६१, पृ. २७५) । कानुनी भाषामा प्रयुक्त वाक्यमा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्यजस्ता व्याकरणिक कोटिलाई परिचय गराउने खालका सूचकहरू प्रयुक्त भएको पाइन्छ । तिनै सङ्केत वा सूचकका आधारमा त्यसले बुझाउने अर्थ, आदर, समय, सकारात्मक-नकारात्मक जस्ता पक्षको बोध गर्न सकिन्छ । वाक्य पूर्ण अर्थ-सम्प्रेषण गर्ने भाषिक एकाइ हो (ओझा, २०६६, पृ. १७२) । यस्तो वाक्यको विश्लेषण गर्दा त्यसले अभिव्यक्त गरेको अर्थलाई समेत आधार बनाउन सकिन्छ ।

अभिव्यक्तिको विशिष्ट ढाँचा शैली हो । मूलतः व्यक्तिको विशिष्ट क्षमतासँग शैली सम्बद्ध भएको हुन्छ (शर्मा, २०४८, पृ. ३) । सामान्य बातचितका अवस्थामा प्रयुक्त अनौपचारिक शैलीभन्दा पृथक् विशिष्ट खालको शैलीको अवलम्बन कानुनी भाषाका वाक्यमा गरेको देखिन्छ । कानुनका क्षेत्रमा देखापरेका समस्या र तिनको निर्क्योलका लागि प्रस्तुत गरिएका तथ्य एवम् प्रमाणको उचित संयोजनसहित उच्च आयामयुक्त भाषिक कलाको विन्यासले समेत कानुनी भाषालाई पृथक् र विशिष्ट बनाएको हुन्छ । वस्तुपरकता, प्रामाणिकता, तथ्यपरकता, सत्यताजस्ता शैलीयुक्त प्रस्तुति कानुनी भाषामा भएको देखिन्छ (घिमिरे, २०६८, पृ. ४८) । कानुनी भाषाका वाक्यमा द्वयार्थकताभन्दा निश्चयार्थकतायुक्त वाक्यको विन्यास उपयुक्त मानिन्छ । यसो भए पनि व्याकरणले निर्देश गरेअनुसारका साना वाक्यभन्दा भिन्न लामा आकृतिका वाक्यहरूको संयोजन हुनु अपेक्षित ठानिन्छ । यिनै कानुनी भाषाका वाक्यमा प्रयेग हुने शब्द, अर्थ, कोटि, शैलीजस्ता पक्षको अध्ययन गर्नका निम्ति वाक्यको संरचनालाई यस अध्ययनमा सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ ।

**विश्लेषण पद्धति**

कानुनी नेपाली भाषामा वाक्यसंरचना शीर्षकमा केन्द्रित रही गरिएको प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ । मूलतः कानुनी नेपाली भाषाका वाक्यमा अर्थ र त्यसको संरचनागत स्थितिको विश्लेषण गर्नका लागि ती वाक्यमा प्रयुक्त शब्द, अर्थ, व्याकरणात्मक कोटि एवं शैलीगत विविधता जस्ता पक्षलाई आधार बनाइएको छ ।

## विमर्श र नतिजा

कानुनी नेपाली भाषा नेपाली भाषाको विकास र विस्तारका क्रममा देखिएको यसैको एक प्रयोजनपरक भेद भएकाले आधारभूत कुरा सामान्य नेपालीसँग मिल्नु स्वाभाविक हो तथापि कानुनी नेपालीका सामान्य नेपालीका भन्दा केही भिन्न अभिलक्षणहरू छन्, यसका केही मौलिक विशेषताहरू छन् । यही कारण कानुनी नेपाली भाषा सामान्य नेपाली र यसैका अन्य प्रयोजनपरक भेदभन्दा विशिष्ट छ । यही विशेष अभिलक्षणका कारण यो नेपालीको एक प्रयोजनपरक भेदका रूपमा अस्तित्वमा आएको पनि हो । कानुनी नेपालीलाई नेपाली भाषाको एक प्रयोजनपरक भेदको अस्तित्व प्रदान गर्ने कानुनी नेपाली भाषाका वाक्यमा प्रयुक्त शब्द, अर्थ, व्याकरणात्मक कोटि र शैलीगत विविधताका आधारमा कानुनी नेपाली भाषाको विश्लेषण यहाँ गरिएको छ :

**कानुनी नेपाली भाषाका वाक्यमा शब्दको प्रयोग**

नेपाली भाषाको एक भेद भएको हुँदा कानुनी नेपाली शब्दका स्रोत, बनोटजस्ता आधारभूत पक्ष समान हुनु स्वाभाविक हुन्छ। जब शब्दको कानुनी नेपालीमा प्रयोगको सन्दर्भ आउँछ तब सामान्यभन्दा कानुनीमा केही भिन्नता देखापर्छ। दादै, लिखितम्, रोज, शुभम्जस्ता शब्द कानुनी लिखतमा मात्र प्रयुक्त हुन्छन्। सामान्य र कानुनी नेपाली भाषाको भिन्नता शब्दभण्डारको स्रोतका दृष्टिले पनि फेला पर्छ (उपाध्याय र अर्याल, २०८० : ३८)। सामान्य नेपाली भाषामा आवश्यकताअनुसार तत्सम, तद्भव, झर्रा तथा आगन्तुक स्रोतका शब्दको प्रयोग हुनु स्वभाविक हो तथापि यसमा तद्भव, झर्रा र अनुकरणात्मक शब्दको अधिक प्रयोग गरिन्छ। सामान्य नेपालीमा जनजिब्रोमा पचिसकेका सीमित आगन्तुक शब्दको प्रयोग हुन्छ। यही सन्दर्भमा कानुनी नेपाली भाषामा कानुनी विषयसम्बद्ध पारिभाषिक शब्दको पर्याप्त मात्रामा प्रयोग गरिन्छ जुन अधिकांश आगन्तुक स्रोतका नै हुने गर्छन्। तत्सम स्रोतका शब्दको कानुनी नेपालीमा बढी प्रयोग हुन्छ तर तुलनात्मकरूपमा तद्भव शब्दको प्रयोग कम हुन्छ। आगन्तुक स्रोतका शब्दको प्रयोगका सन्दर्भमा पनि कानुनी नेपालीमा अरबी, फारसी र अङ्ग्रेजी स्रोतका शब्दको प्रयोग नै बढी हुन्छ। अपिल, कोर्टमार्सल, जुरी, जेल, वारेन्ट, बेन्च, अख्तियार, अदालत, असुल, इजलास, उजुर, कसुर, कानुन, कैद, दफा, फरार, फाँसी, महल, तारिख, सरजमिन, राजीनामा, गिरफ्तार आदि जस्ता पारिभाषिक एवं आगन्तुक स्रोतका शब्दहरू कानुनी वाक्यमा सर्वाधिक मात्रामा बारम्बार प्रयोग भएको पाइन्छ। अनुकरणात्मक झर्रा शब्दको प्रयोगको न्यूनता रहन्छ। कानुनी क्षेत्रमा प्रयोग भई कानुनी विषय बहन गर्ने/कानुनी अर्थ व्यक्त गर्ने, रूढ, सोझो, वाच्यार्थ बोध गराउने, प्रायः परिभाषा दिएर (पारिभाषिक शब्द) प्रयोग गरिने जस्ता शब्द कानुनी नेपाली भाषाका वाक्यमा प्रयोग भएको पाइन्छ।

**कानुनी नेपाली भाषाका वाक्यमा अर्थगत विन्यास**

भाषामा शब्दप्रयोगको मूल प्रयोजन नै अर्थ सम्प्रेषण हो। कानुनी नेपाली आषामा मूलतः कानुनी अर्थ सम्प्रेषणको अभिप्राय रहन्छ। सामान्य नेपाली भाषामा विशेषतः सामान्य अर्थ सम्प्रेषणको उद्देश्य हुन्छ। यसका साथै सामान्य नेपालीमा व्यङ्ग्यार्थ अनेकार्थ, सम्भावनार्थ, संन्दिग्धार्थ अभिव्यक्ति पनि खुला रहन्छ। यही कानुनी नेपालीमा निश्चयार्थ अभिव्यक्त गर्नु अपरिहार्य हुन्छ। अड्डा, मुद्दा, किनारा लाउनु, धारा, बेन्च, थैली, पोल्नु, वादी जस्ता शब्दले सामान्य नेपालीमा क्रमशः जमघट हुने ठाउँ/सरकारी कार्यालय, विषय पन्छाउनु, पानीको नल्का, बस्ने साधन, कपडाको सानो थैलो, डढाउनु, बाजा बजाउने व्यक्ति अर्थ बुझाउँछन्। त्यस्तै सविनाले अदालतमा सम्बन्ध विच्छेदका लागि निवेदन दिएपछि वकिलले इजलासमा गरेको बहस सुनेर न्यायाधीशले फैसला सुनाए यस वाक्यमा कानुनी निश्चयार्थ प्रकट भएको छ। यिनै शब्दले कानुनी नेपालीमा विशेष कानुनी अर्थ बुझाउँछन्। पारिभाषिकता, एकार्थकता, निश्चयार्थकता र विषयगतता जस्ता अर्थ विन्यासका निम्ति कानुनी भाषाका वाक्यमा शब्दहरू प्रयुक्त भएका पाइन्छन्।

**कानुनी नेपाली भाषाका वाक्यमा व्याकरणात्मक कोटि**

भाषाको रूपदेखि वाक्यसम्मका व्याकरणिक एकाइको प्रयोग सन्दर्भमा कानुनी नेपालीको भिन्न स्वरूप देखापर्छ। नेपाली भाषाको व्याकरण व्यवस्था एउटै भए तापनि सामान्यभन्दा कानुनी नेपाली फरकरूपमा प्रयुक्त हुन्छ। कानुनी नेपालीमा पदवर्गीय हिसाबले सोही, निज, ऐजन जस्ता सामान्य नेपालीमा अति न्यून प्रयोग गरिने सर्वनामहरू अधिक मात्रामा प्रयोग गरिन्छ। सामान्यमा आवश्यकताअनुसार सबै विशेषणको प्रयोग गरिन्छ तर कानुनी नेपालीमा सङ्ख्यावाची र परिमाणवाची विशेषणको बढी प्रयोग हुन्छ। सामान्य नेपालीका तुलनामा कानुनी नेपालीमा न्यून सङ्ख्यामा मात्र

क्रियाको प्रयोग हुन्छ, त्यसमा पनि अधिकतर कर्मवाच्चीय र भाववाच्चीय तथा आवश्यकताबोधक क्रियाको प्रयोग हुन्छ । कुनै पनि लिङ्गसँग सम्बन्धित नहुने लैङ्गिक तटस्थ अभिव्यक्ति कानुनी नेपालीमा प्रयुक्त हुन्छ । वकिल, न्यायाधीश, श्रीमान् जस्ता आफैमा लैङ्गिक तटस्थ शब्दको कानुनी नेपालीमा बारम्बार प्रयोग गरिन्छ । कानुनी नेपालीमा बढी प्रयोग गरिने भाववाच्यले लैङ्गिक तटस्थता जनाउँछ । कर्मवाच्यका सन्दर्भमा कर्म लिङ्गबोधक हुँदाबाहेक स्वतः लैङ्गिक तटस्थता कायम हुन्छ । सामान्य नेपालीका प्रायः अभिव्यक्तिमा निपातको बढी प्रयोग हुन्छ तर कानुनी नेपालीमा 'नै' बाहेकका अरु निपातको यथासम्भव प्रयोग गरिदैन । कानुनी नेपाली भाषामा प्रायः र, तथा, एवं, अथवा, किनभनेजस्ता संयोजकको अधिक प्रयोग गरी वाक्यलाई लम्ब्याइन्छ । कानुनी नेपाली भाषाका वाक्य मूलतः संश्लिष्ट प्रकृतिका हुन्छन् । विभिन्न असमापिकाको अधिक प्रयोग यसमा हुन्छ । कानुनी वाक्य भएमा, भएकाले, भएबाट जस्ता कारणबोधक शब्दबाट लामो बनाइन्छ । सामान्य नेपाली भाषामा प्रयुक्त वाक्यहरू अधिकतम रूपमा सरल देखिन्छन् तर कानुनी नेपाली भाषाका वाक्यहरू चाहिँ ज्यादाजसो संयुक्त, मिश्र र मिलित रूपमा प्रयोग गरिएका पाइन्छन् (घिमिरे, २०६८ : २६) । कानुनी नेपालीका अधिकांश वाक्यहरू जटिल संरचनाका हुन्छन् । सामान्य नेपालीमा प्रायः सरल संरचना, सजिलै बुझिने, छोटा, उखान टुक्कायुक्त, अनेक निपातको प्रयोग भएका सामान्यतः सरल प्रकृतिका वाक्यको प्रयोग हुन्छ । यही कानुनी नेपाली वाक्य-संरचना र अर्थका आधारमा स्पष्ट भिन्न स्वरूपका देखिन्छन् । अधिकतर मिश्र, संयुक्त र मिलित वाक्यहरूको प्रयोगले गर्दा सिङ्गो अनुच्छेद नै एक वाक्यको बन्दछ (आचार्य र गौतम, २०६१ : १६३) । यसरी तुलना गर्दा कानुनी नेपालीका वाक्य लामो आयाम र जटिल संरचनायुक्त नै हुन्छन् । दृष्टान्तका रूपमा मुलुकी ऐन (२०६८) को यस वाक्यलाई हेर्न सकिन्छ -

कसैले कुनै व्यक्तिलाई नेपालबाहिर लगी यस महलबमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने वा नेपाली नागरिकलाई नेपालबाहिर यस महलबमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने कार्य गरे गराएको रहेछ भने निजले नेपालभित्रै कसुर गरेसरह मानी त्यस्तो व्यक्तिलाई यस महलबमोजिम सजाय गर्नुपर्छ (उपाध्याय र अर्याल, २०८० : ३८) ।

अदालतमा रितपूर्वक फिरादपत्र चढाएपछि अदालती प्रक्रिया अघि बढ्छ । फरार रहेको अपराधी समातिएपछि उसलाई कानुनको कठघरामा उभ्याई वकिलको बहस, सरजमिन मुचुल्का, उपलब्ध ठोस प्रमाण आदिको आधारमा दोषी करार गरी न्यायाधीशबाट अन्तिम फैसला सुनाइन्छ अनि मात्र कानुनी प्रक्रिया टुङ्गिन्छ ।

माथि दिइएका विभिन्न कानुनी भाषाका वाक्यहरूमा व्याकरणिक कोटिहरूको अन्य भेदभन्दा भिन्न र विशिष्ट रूपमा प्रयोग भएको देखिन्छ । प्रथमतः माथिका भिन्न भिन्न सबै वाक्यमा लैङ्गिक तटस्थता अँगालिएको छ । कर्तृवाच्यका वाक्यमा पनि विभिन्न वाक्यहरूलाई संयोजन गरी अन्त्यमा लैङ्गिक तटस्थता अँगालिने गरी टुङ्ग्याइएको छ । सामान्यतः वाक्यहरूलाई कर्म र भाववाच्यको स्वरूपमा नै प्रस्तुत गरिन्छ । उल्लेखित वाक्यहरू लामा आयामयुक्त छन् । सरल वाक्यहरू पनि विभिन्न संयोजक तथा असमापिकाको प्रयोगद्वारा लम्ब्याइएको छ । दिइएका वाक्यहरूमा - लगी, मानी, उभ्याई, गरी जस्ता असमापिका क्रियाको प्रयोग गरी वाक्यलाई लामा आयामयुक्त तुल्याइएको छ । कानुनी नेपाली भाषाका वाक्यहरू सामान्यतः सरल संरचनाका हुँदैनन् । माथिका वाक्यहरूमध्ये दोस्रो वाक्य एउटा मात्र समापिका क्रियायुक्त सरल संरचनाको देखिए पनि त्यसमा फिरादपत्र चढाउने र अदालती प्रक्रिया अघि बढ्ने जस्ता दुई वटा धारणा मिसिएर आएको हुँदा जटिल संरचनायुक्त नै बनेको छ । त्यस्तै पहिलो र तेस्रो वाक्य आफैमा जटिल संरचनायुक्त स्वरूपमा रहेका छन् । अतः कानुनी वाक्यमा

विभिन्न व्याकरणात्मक कोटिको अन्य भेदभन्दा विशेष ढङ्गले प्रयोग हुन्छ जसका कारण कानुनी नेपाली अरू भेदबाट अलग देखिन्छ ।

**कानुनी नेपाली भाषाका वाक्यमा शैलीगत विविधता**

अभिव्यक्ति शैलीका तहमा कानुनी नेपाली सामान्य नेपाली भन्दा स्पष्टरूपमा भिन्न रूपको हुन्छ । समाजमा सामान्य जीवनयापनका सन्दर्भमा अनौपचारिक र सामान्य विषयको अभिव्यक्ति नै अधिकरूपमा प्रयोग गरिन्छ । यस सन्दर्भमा अनौपचारिक अभिव्यक्ति शैलीमा कानुनी नेपाली अभिव्यक्त हुने स्थिति नै रहँदैन । कानुनी नेपाली भाषामा विषयसम्बद्ध शब्दको प्रयोग, निश्चित स्रोतका र पारिभाषिक शब्दको प्रयोग एवं वाक्यगठनजस्ता भाषाका आधारभूत तहमा नै मौलिक विशेषता रहेका हुन्छन् । कानुनी अभिव्यक्ति शैलीका प्रकटित रूप जस्तैः राज्य सञ्चालनका नियमहरूमा, संविधानका धारा र उपधाराहरूमा, अदालतका फैसलाहरूमा, कानुनी सिद्धान्तका पुस्तकहरूमा सामान्य नेपाली अभिव्यक्ति शैलीभन्दा स्पष्टरूपमा भिन्न औपचारिक शैली अँगालिन्छ । विशेषतः विभिन्न कानुनी लिखतहरूको निश्चित ढाँचा छ, सोहीअनुरूप तिनको प्रयोग अपरिहार्य मानिन्छ । कानुनी अभिव्यक्तिमा सत्यता, तथ्यपरकता, प्रामाणिकता र वास्तविकता प्रकट गरिएको हुन्छ । कानुनका दफा, मुलुकी संहिता, संविधान, अदालतका फैसलाजस्ता कानुनी अभिव्यक्ति लामा, जटिल र बढी यन्त्रिक हुन्छन् । कानुनी लिखत जस्तैः भरपाई, तमसुक, फिरादपत्र, फैसलाको निश्चित स्थापित ढाँचा भएकाले यो रूढ प्रकृतिको हुन्छ । निजी कानुनी लिखतबाहेकमा प्रथम प्ररुष शैली अँगालिदैन । कानुनी अभिव्यक्तिमा आत्मपरकतालाई कुनै स्थान हुँदैन । यसमा लैङ्गिक तटस्थताको ख्याल गर्दै निर्वैयक्तिकता र वस्तुपरक शैली अँगालिन्छ । यसमा तार्किक, प्रामाणिक, कार्यकारण बोधक, कानुनी दफा-उपदफामा आधारित तथा म, हामी, ऊजस्ता सर्वनामको सट्टा सो, सोही, निजजस्ता सर्वनामको प्रयोग गर्ने अभिव्यक्ति शैली अँगालिन्छ । सोझो अर्थ दिने, उखान-टुक्का यथासम्भव नराखिएको, अलङ्कारको प्रयोग नगरिएको, कल्पना र भावुकताको स्पर्श नभएको, तथ्य र प्रमाणमा आधारित तथा कारण स्पष्ट खुलाइएको अभिव्यक्ति शैली कानुनी नेपालीको अभिव्यक्ति शैली हो । प्रायः संश्लिष्ट वाक्य र पारिभाषिक शब्द समेटिएको हुनु तथा रूढता, कृत्रिमता एवं यान्त्रिकता रहनु कानुनी नेपालीको अभिव्यक्ति शैलीगत विशेषता हुन् ।

सामान्य नेपालीमा कतिपय व्यवहारिक लेखनका पक्षहरू जस्तैः निवेदन, सूचना, पत्र आदि सामान्य ढाँचा अँगाली तयार पारिन्छ र आवश्यक कार्य यहीं सामान्य ढाँचामार्फत सम्पन्न गरिन्छ । कानुनी नेपालीमा निवेदनको, सूचनाको, पत्र आदिको एउटा निश्चित रूढ ढाँचा स्थापित छ र आवश्यक कार्य स्थापित त्यही ढाँचाअनुरूपका लिखतमार्फत कानुनी कार्य सम्पन्न गरिन्छ । हालसम्म पनि कानुनी नेपालीमा दादै, आगे, लिखितम्, इति, रोज, शुभम् जस्ता शब्दको यान्त्रिक प्रयोग गर्ने अभिव्यक्ति शैली कायमै रहेको छ । कानुनी अभिव्यक्ति शैली सामान्य नेपालीको भन्दा भिन्न हुने तथ्य तल दिइएको निकै प्रचलित घरायसी कानुनी लिखत तमसुकको नमुनाबाट पनि थप स्पष्ट हुन्छ ।

## तमसुकको नमुना

लिखितम् स्याङ्जा जिल्ला, फेदीखोला गाउँपालिका वडा नं. २ बस्ने ........... को नाति ............को छोरा वर्ष ....... को ............... ले घरखर्च गर्न भनी ऐजन जिल्ला, ऐजन गाउँपालिका वडा नं. ३ आकखर्क बस्ने ........... को छोरा वर्ष ........ को ........... ले रु. १०००००/- अक्षरेपी एक लाख मात्र आजैका मितिमा ऋण सापटी स्वरूप लिएको छु । यस रकमको वार्षिक १०% प्रतिशतका दरले ब्याज बुझाउने छु र दुई वर्ष भित्रमा सम्पूर्ण साँवा ब्याज चुक्ता गरिसक्ने छु । यदि यस कबोलअनुसार नबुझाएमा मेरो जायजेथा घरजग्गाबाट असुल गरी लिन मेरो मन्जुरी भई यो तमसुक मेरो राजीखुसीसाथ गरेको हुँ । बेहोरा साँचो हो, झुटा ठहरे कानुनबमोजिम सहने बझाउने छु भनी किनाराका साक्षीको रोहबरमा नज साहुको आँगनमा बसी यो तमसुक गरिदिएँ ।

इति संवत् २०८१ साल जेष्ठ ८ गते ३ रोज शुभम् ।

साक्षी ......... स्याङ्जा जिल्ला फेदीखोला गा.पा. वडा नं. २ बस्ने वर्ष ...... १

......... स्याङ्जा जिल्ला फेदीखोला गा.पा. वडा नं. २ बस्ने वर्ष .....१

लेखक : ..... बस्ने ............... नं. (४०३) ...............

आसामीको हस्ताक्षर

औंठा छाप

दायाँ बायाँ

माथि दिइएको समाजमा निकै प्रचलित घरायसी कानुनी लिखत तमसुकको सामान्य रूपमा समेत सामान्य नेपालीको भन्दा फरक विषय, धेरै पारिभाषिक शब्दहरू, रुढ शब्दहरू, लामा र जटिल वाक्यहरू तथा निश्चित गरिएको शैली/ढाँचा विशेष अँगालिएको छ ।

## निष्कर्ष

भाषा विचार सम्प्रेषण तथा विनिमयको उत्कृष्ट माध्यम हो । भाषा मानव सभ्यताको महत्त्वपूर्ण प्राप्ति हो । कुनै समयमा उद्भव भएको भाषा समयको अन्तरालसँगै विकसित र सम्पन्न बन्दै जान्छ । भाषामा क्रमशः अभिव्यक्ति सामर्थ्य बढ्दै जान्छ । एउटा गतिशील र जीवन्त् भाषामा निरन्तर परिवर्तन भइरहन्छ । भाषामा अभिव्यक्ति सामर्थ्य बढ्दै जानु भाषा सम्पन्न बन्दै जानु हो । एउटा भाषा सम्पन्न बन्ने क्रममा त्यसका भिन्न भेद देखा पर्दै जान्छन्, भिन्न स्वरूप बन्दै जान्छन् । मानव समाजमा विद्यमान प्रत्येक विविधताको अभिव्यक्तिको सर्वोत्कृष्ट माध्यम भाषा भएकाले एउटै भाषाका अनेक भेद देखिनु विकासका क्रममा घटित हुने नितान्त स्वभाविक प्रक्रिया हो । एउटा भाषा सम्पन्न बन्दै जाने क्रममा मुख्यतः भौगोलिक, सामाजिक र प्रयोजनपरक गरी तीन प्रकारका भेद देखिन्छन् । नेपाली भाषा एघारौं शताब्दीमा उद्भव भई बहुभाषिक नेपाली समाजलाई एकताको सूत्रमा बाँध्न माध्यम भाषाको भूमिका निर्वाह गर्ने नेपालको प्रमुख र एक सम्पन्न भाषा हो । यसका अन्य सम्पन्न भाषाका जस्तै भौगोलिक, सामाजिक र प्रयोजनपरक भेद रहेका छन् । कानुनी नेपाली भाषा नेपाली भाषाकै एक प्रयोजनपरक भेद हो । वर्तमानमा साहित्यिक प्रयोजनपरक भेदपछिको सम्पन्न भेदका रूपमा कानुनी नेपाली देखिएको छ । कानुनी नेपाली भाषाका वाक्यमा प्रयुक्त शब्द, अर्थ, व्याकरणिक कोटि, शैलीगत

विविधता जस्ता पक्षको अध्ययन गर्दा कानुनी नेपाली भाषाका वाक्यमा सामान्य र अन्य प्रयोजनपरक नेपालीका भन्दा बेग्लै मौलिकता, भिन्न अभिलक्षण र फरक विशेषता रहेका छन् । मूलतः कानुनी क्षेत्रेका पारिभाषिक शब्दको प्रयोगले त्यस भाषालाई पृथक् बनाएको देखिन्छ । भाषामा विविध अर्थ सम्प्रेषण गरिने भए पनि कानुनी नेपाली भाषाका वाक्यमा निश्चित प्रवृत्तिको अर्थ सम्प्रेषण भएको देखिन्छ । यसै गरी व्याकरणिक कोटिको विशिष्ट प्रयुक्तिले उच्च आयामयुक्त भाषा बनेको समेत देखिन्छ । यसका साथै शैलीगत विविधताकै कारण यस भाषाले प्रयोजनपरक भेदको स्वरूप ग्रहण गरेको छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । दीर्घ आयामयुक्त वाक्यको संयोजनले कानुनी नेपाली भाषालाई अन्य भेदबाट समेत अलग बनाएको छ भन्ने निष्कर्ष पनि यस अध्ययनको रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, नारायणप्रसाद (२०६४), *भाषाविज्ञान,* काठमाडौ : हरिप्रसाद अधिकारी ।

अधिकारी, हेमाङ्गराज (२०५७), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, व्रतराज र गौतम, देवीप्रसाद (२०६१), *विशेष नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, यदुनन्दन र अर्याल, डोलराज (२०८०), *कानुनी नेपाली,* पोखरा नारायणप्रसाद ढकाल ।

ओझा, रामनाथ (२०६६), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन गृह ।

गिरी, जीवेन्द्र देव (२०६९), *भाषा र नेपाली भाषा,* काठमाडौ : पाठ्य सामग्री पसल ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान* (दोस्रो संस्क.), काठमाडौँ : पाठ्य सामग्री पसल ।

घिमिरे, गोविन्द (२०६८), *कानुनी नेपाली भाषा,* काठमाडौ : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०६१), *भाषाविज्ञानको रूपरेखा* (दोस्रो संस्क.) धरान : NBD प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), *शैली विज्ञान,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिजापति, रामविक्रम (२०५६), *भाषा परिचय* (तेस्रो संस्क.), काठमाडौ : साझा प्रकाशन ।